उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

फोन नं. : ०३१-५२००८२

# डिभिजन वन कार्यालय

सप्तरी, राजविराज

पत्र संख्या :२०७६/०७७ (योजना)

## नीजि जग्गामा वृक्षारोपण (हरित अभियान) कार्यक्रम सञ्चालन सम्वन्धी सूचना ।

(प्रथम प्रकाशित मिति :- २०७६/१०/२७

यस कार्यालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमक पूँजीगत कार्यक्रम खर्च तर्फ **नीजि जग्गामा वृक्षारोपण (हरित अभियान)** कार्यक्रम अन्तर्गत यस जिल्लामा नीजि सहकारी, विद्यालय, तथा कुनै संघ संस्थाको स्वामित्वमा रहेको जग्गामा सघन (Intensive) वृक्षारोपण ग इच्छुक कृषक, उपभोक्ता, सहकारी, विद्यालय तथा संघ संस्थाहरुले तपसिलका कागजातहरु सहित यो सूचन प्रकाशित भएको मितिले ३० (तीस) दिन (२०७६/११/२७ गते ) भित्र यस कार्यालयमा सम्पूर्ण विवरण सा निवेदन पेश गर्नु हुन अनुरोध छ । म्याद भित्र रीतपूर्वक दर्ता हुन आएका निवेदनहरुलाई मात्र तोकिएक मूल्याँकन समितिबाट स्थलगत अनुगमन तथा मापदण्डको आधारमा मूल्याँकन/छनौट गरी कार्यक्रम सञ्चाल सम्झौता गरिने तथा सम्पूर्ण कार्यक्रम सम्पन्न भए पश्चात मात्र प्रगति प्रतिवेदन र यस कार्यालयबाट खटिएक प्राविधिक कर्मचारीको नापजाँच सहितको सिफारिसको आधारमा सम्वन्धित जग्गाधनीलाई प्रति हेक्टर अधिकतम रु. ५००००।०० (पचास हजार) को दरले अनुदानको रुपमा रकम नियमानुसार उपलब्ध गराइने व्यहोरा सबैम जानकारीको लागी अनुरोध छ ।

**तपसिल**

- निवेदकको नाम, ठेगाना, सम्पर्क नं. सहित रु. १०।०० को टिकट टाँसिएको निवेदन ।
- जग्गाधनीको नागरिक्ता प्रमाण पत्र वा नाम, ठेगाना खुलेको प्रमाणको प्रतिलिपि ।
- जग्गाको स्वामित्व देखिने प्रमाणको प्रतिलिपि (जस्तै जग्गाधनी प्रमाण.पत्रको प्रतिलिपि, जग्गा लिजम लिएको प्रमाण ) ।
- वृक्षारोपणको लागि १(एक) प्लट जग्गाको क्षेत्रफल कम्तिमा ०-५-० (पाँच कट्ठा) हुनु पर्दछ ।
- जग्गाको क्षेत्रफल देखिने नापी नक्सा ।
- तिरो तिरेको रसिदको प्रतिलिपि ।
- सम्वन्धित वडा कार्यालयको सिफारिस ।
- वृक्षारोपण गरिने विरुवाको प्रजाती र संख्या ।
- वृक्षारोपण संरक्षण गर्न अपनाइने संरक्षणका उपायहरु (जस्तै तारवार, जैविकवार, हेरालु, आदि सहितको प्रतिवद्धता पत्र ।

विस्तृत जानकारी तथा प्रस्तावको ढाँचाको लागि सम्पर्क ठेगान

डिभिजन वन कार्यालय, सप्तरी

फोन नं. ०३१-५२००८२